संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ।
वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ।
सम्पर्क: ९८५२८३५८८८

■ बर्ष-१६, ▸▸ अंक २८९ ▸▸ बैशाख २६ गते आईतबार,२०७८, May-9 Sunday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ-४ ▸▸ मूल्य रु. २५/- www.majhkharka.com

उदयपुरमा १७१ मा कोरोना संक्रमण

सबभन्दा बढी त्रियुगामा, चौदण्डीगढी पछ्याउँदै

❖ **रेनुका राई**

उदयपुर, वैशाख २५

उदयपुरमा एकपछि अर्को गरी कोविड संक्रमित भ्गाँगिदै गएको छ। दैनिक संक्रमित संख्या बढ्दै गईरहेको जिल्लामा शनिबारको परीक्षण रिपोर्ट अनुसार १ सय ७३ जनामा संक्रमण पुष्टि भएको छ। जसमा ६६ महिला र १ सय ६ जना पुरुष रहेका छन्।

उदयपुर कोभिड-१९ अस्पताल
चौदण्डीगढी न.पा.-६, सातघरे
बेल्टार, उदयपुर
प्रदेश नं. १ नेपाल

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार शनिबार मात्र २७ जनामा संक्रमण पुष्टि भएको छ। १२ महिला र १५ पुरुष संक्रमित देखिएको शनिबार १८ देखि ३५ वर्ष उमेर समूहका ७ सहित १५ जना रहेका छन्। त्यस्तै ३६ देखि ६० वर्षसम्मका ८ जनामा ५ महिला छन् भने बाँकी ६० देखि ७८ वर्षसम्मका रहेको जिल्ला स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलले बताए।

उनका अनुसार सबभन्दा बढी संक्रमित सदरमुकाम त्रियुगा नगरपालिकाका ४३ महिला र ६० पुरुष गरी १ सय ३ जना रहेका छन्। दोस्रो ठूलो संख्या चौदण्डीगढी नगरपालिकामा ८ महिला र १५ पुरुष गरी २३ तथा कटारी नगरपालिकामा ७ महिला र ११ पुरुष गरी १८ जना संक्रमित अहिलेसम्म पुष्टि भएका छन्।

बेलका नगरपालिकामा २ महिलासहित ९ जना, रौतामाई गाउँपालिकामा ३ महिलासहित १० र उदयपुरगढी

-बाँकी २ पेजमा

भीरबाट लडेर तामाङको ज्यान गयो

❖ **मुलुकी संबाददाता**

कटारी, वैशाख २५

उदयपुरको कटारीका एक स्थानीयको भीरबाट लडेर मृत्यु भएको छ। कटारी नगरपालिका ११ चिलाउनेका ४२ वर्षीय हर्कबहादुर तामाङको शुक्रबार मध्यान्ह आफ्नै घरनजिकको भीरबाट लडेर मृत्यु भएको प्रहरीले जनाएको छ।

स्थानीय बेतिनी बजार पुगेर फर्कदै गरेका तामाङ घरभन्दा माथिको भीरबाट एक्कासी लड्दा अन्दाजी ५ सय मिटर तल खसेका थिए। उनको घट्नास्थलमै मृत्यु भएको प्रहरी चौकी बेतिनीलाई उद्धृत गर्दै इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ।

मृतकको शव पोष्टमार्टमका लागि कटारी अस्पतालमा गरेर आफन्तको जिम्मा लगाइएको छ। घट्नाबारे बेतिनी चौकीबाट खटेको टोलीले प्रारम्भिक अनुसन्धान गरेक थप अनुसन्धान इप्रका कटारीले सुरु गरेको जनाइएको छ।

मुलुकी दैनिकको नयाँ विज्ञापन दर
आवरण पृष्ठ: प्रति सेमि कोलम ५००/-
भित्रि पृष्ठ: प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ: प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा: ३५,०००/-
ज्याकेट: ७५,०००/-
नोट: रु.२०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ।

मेडिकल सञ्चालक नै कालोबजारी धन्दामा

सस्तो औषधि महँगोमा बेच्ने २ पक्राउ

❖ **मुलुकी संबाददाता**

गाईघाट, वैशाख २५

कोविड महामारीमा औषधि र अक्सिजन अभावले उपचार नपाएर संक्रमितको ज्यान गईरहेका बेला नक्कली लेबल टाँसेर महँगो शूल्कमा औषधि बिक्री गर्ने मेडिकल सञ्चालकसहित दुईजना पक्राउ परेका छन्। सस्तो औषधिको बट्टामा नक्कली स्टीकर टाँसेर महँगोमा बिक्री गर्ने मोरङको बिरटनगर महानगरपालिका ४ स्थित साथी मेडिकल सञ्चालक २६ वर्षीय सोनु आलम र २३ वर्षीय श्रबणकुमार यादव पक्राउ परेका हुन्।

नेपाली
On The
ROCKS
STACEF
STACEF
STACEF
STACEF
STACEF

आलम बिराटनगर १० अशोकचोकका स्थायी बासिन्दा हुन् भने यादव बिराटनगर १६ रानीका हुन्। कोविडविरुद्धको स्टासेफ नामक सस्तो औषधिको बट्टामा नयाँ लेबल टाँसेर

-बाँकी २ पेजमा

हार्दिक बधाई !

नेकपा (एमाले) रौतामाई गाउँ कमिटी अध्यक्ष प्यारो भाइ *केशव चामलिङ र सरस्वति राई*को दाम्पत्य जीवन सुखद, उत्साहप्रद र दीगो रहोस् हार्दिक शुभाशिर्वाद !

महेश्वर चामलिङ (प्रकाशक/संपादक)
बुद्धिकुमार राई (संपादक) **दिनेश राई** (प्रबन्ध निर्देशक)

मुलुकी
www.majhkharka.com / mulukikhabar.com

कोरोना रोकथाम गर्न प्रदेश सरकारको ३५ लाख

❖ **मुलुकी संबाददाता**

गाईघाट, वैशाख २५

जारी कोरोना संक्रमण रोकथाम तथा उपचारका लागि प्रदेश १ सरकारले उदयपुरलाई ३५ लाख बजेट दिएको छ। प्रदेश कोविड(१९ जनसुरक्षा कोषले १४ वटै जिल्लामा कोविड नियन्त्रण तथा रोकथामका लागि सहयोग गर्ने सिलसिलामा उयदपुरलाई सो बजेट दिएको हो ।

मुख्यमन्त्री शेरधन राई नेतृत्वको प्रदेश जनसुरक्षा कोष सञ्चालक समितिको बिहीबार सम्पन्न बैठकले प्रदेशका स्वास्थ्य संस्थाहरुमा कोरोना भाईरस रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन गर्न १४ वटै जिल्लालाई ४ करोड १५ लाख रुपैया निकासा गर्ने निर्णय गरेको जनाएको छ ।

जस अनुसार उदयपुर कोविड अस्पताल बेलटारलाई २० लाख, उदयपुर जिल्ला अस्पताललाई१० लाख र जिल्ला प्रशासन कार्यालयलाई ५ लाख निकासा दिएको छ । प्रदेश आपूर्ति केन्द्र (कोसी अस्पताल, कोविड१९ उपचार केन्द्रलगायत स्वास्थ्य संस्थाहरुलाई सेनिटाईजर, पिपिई सेट, मास्क, एन्टीजेन किट र आकस्मिक औषधि र कोविड रोकथाम, नियन्त्रण तथा उपचारसँग सम्बन्धित सामग्री खरिद गर्न ५० लाख निकासा दिएको छ ।

त्यस्तै झापाको भद्रपुरस्थित मेची अस्पतालमा कोविड उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न २५ लाख, उदयपुर कोविड अस्पताल, सुनसरी र धनकुटा जिल्ला अस्पताललाई २० लाखका दरले निकासा दिएको छ । जिल्ला अस्पताल उदयपुरलगायत पाँचथर, तेरथुम, भोजपुर, संखुवासभा, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, इलाम र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर प्रत्येकलाई आईसोलेसन स्थापना, सञ्चालन र उपचार गर्न १० लाखका दरले रकम निकासा दिएको जनाएको छ ।

प्रदेश सरकारले बिभिन्न जिल्लामा हेल्पडेस्क तथा स्कृनिङ पोईन्ट निर्माप र सञ्चालन, होल्डिङ सेन्टर स्थापना र कोविड सुरक्षा सतर्कता अपनाउन रकम दिएको जनाएको छ । झापा जिल्ला प्रशासनलाई २ हजार ५ सय क्षमताको स्थायी हेल्पडेक्स तथा स्कृनिङ पोईन्ट निर्माण गरी १५ दिनसम्म चलाउन तथा १ हजार क्षमताको होल्डिङ सेन्टर १५ दिन चलाउन २० लाख, सुनसरी जिल्ला प्रशासन र ओखलढुंगाको हर्कपुरमा होल्डिङ सेन्टर निर्माण र सञ्चालन गर्न १५(१५ लाख तथा मोरङ प्रशासनलाई सोही प्रयोजनका लागि २० लाख दिएको छ ।

जिल्ला प्रशासन इलामलाई एम्बुलेन्स, शवबाहन चालकलाई भत्ता, शव व्यवस्थापन तथा भारतीय सीमानाका पशुपतिनगरमा क्वारेन्टीन र होल्डिङ एरिया सञ्चालन तथा आकस्मिक सेवाका लागि१५ लाख दिएको छ । उदयपुरलगायत भोजपुर, तेरथुम, धनकुटा, संखुवासभा, खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, पाँचथर र तेरथुम प्रशासनलाई होल्डिङ

गाईघाटमा आजको तरकारी मूल्य

१,	आलु	रु ३० (प्रति केजी)
२,	अदुवा	रु १००
३,	टमाटर	रु ३०
४,	बन्दा	रु ४०
५,	भेन्टा	रु ४०
६,	खुर्सानी	रु १००
७,	मुला	रु ६०
८,	पर्बल	रु १००
९,	तितेकरेला	रु ६०
१०,	भिन्डी	रु ५०
११,	च्याउ	रु २००
१२,	फुलकोबी	रु १००
१३,	फर्सि	रु ३०
१४,	कटहर	रु ६०
१५,	काक्रा	रु ४०
१६,	धनियाँ	रु १५०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु ८०
२०,	लट्टे साग	रु ४०
२१,	प्याज	रु ५०

चोयु हिमालयन

चोयु हिमालयन नुडल्स तथा सस उद्योग

शुद्ध मैदाबाट बनाइएको थुप्पा चाउचाउ

त्रियुगा न.पा. - ३, भुल्के, उदयपुर
मोबाइलः- ९८१६७००३०५,
९८४९५३२२१५

उदयपुरमा...

गाउँपालिकामा २ महिलासहित ५ जना तथा लिमचुङबुङ गाउँपालिकामा एक पुरुषमा कोविड संक्रमण पुष्टि भएको छ । एक मात्र ताप्ली गाउँपालिका अहिलेसम्म कोविड संक्रमणमुक्त देखिएको छ। यसअघि शुक्रबार १६ जनामा संक्रमण पुष्टि भएको थियो भने बिहीबार २७ तथा मंगलबार ३३ जनामा संक्रमण देखिएको लुईटेलले बताए ।

सक्रिय संक्रमितहरुमध्ये धेरैजसो घरमै आईसोलेसनमा बसेका छन्। १ महिलासहित १५ जनाको चौदण्डीगढी नगरपालिका ६ बेलटार सातधारेस्थित उदयपुर कोविड अस्प्तालमा उपचार भईरहेको छ । सक्रिय संक्रमितमध्ये एकजनाको अवस्था गम्भीरजस्तो देखिएपछि शनिबार दिउँसो बिराटनगर रिफर गरिएको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताए ।

उनका अनुसार यसअघि एकजना गम्भीर संक्रमितको नोबेल अस्पताल बिराटनगरमै उपचार भईरहेको छ। बाँकीको अवस्था सामान्य रहेको जानकारी आएको उनले बताए। सुबेदीका अनुसार जिल्ला अस्पताल, कटारी, बेलटारलगायत बिभिन्न स्थानीयतहका स्वास्थ्य संस्थामार्फत दिनहुँजसो पिसिआर र एन्टीजेन परीक्षण भईरहेको छ ।

अस्पतालबाहेक हरेक स्थानीयतहहरुले पनि शंकास्पद बिरामी, बिरामीसँग भेटघाट र घुलमिल गर्ने र संक्रमितसँग नजिकिएकालाई खुट्याएर पिसिआर र एन्टीजेन विधिबाट परीक्षण गर्ने काम भईरहेको छ।

हालसम्म उदयपुरमा २ महिला र २ पुरुष गरी ४ जनाको कोविडका कारण मृत्यु भएको छ । चौदण्डीगढी नगरपालिका ५ का ५५ वर्षीय पुरुष, चौदण्डीगढीकै ६ का ७० वर्षीय पुरुष, त्रियुगा नगरपालिका ६ की ३४ वर्षीया महिला र कटारी नगरपालिका ४ की ८३ वर्षीया बृद्धाको हालसमम मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

दिनानुदिन संक्रमित बढ्दै गएपछि वैशाख २५ गते विहानदेखि जिल्लामा निशेधाज्ञा लागू गरिएको छ । यातायात, बजार र भीडभाडजन्य गतिबिधिका कारण कोविड संक्रमण बढ्ने भएकाले निशेधाज्ञा लागू गर्नु परेको जिल्ला कोविड शंकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) ले जनाएको छ । डिसिसिएमसीको निर्णयविरुद्ध भेला जमघट तथा यातायात सञ्चालन र बजार पसल खुलेको पाइए संक्रामक रोग ऐन अन्तर्गत कारबाही गर्ने चेतावनी दिइएको छ ।

सस्तो....

महँगो मूल्यमा बेचेको आरोपमा शुक्रबार उनीहरु मध्यान्ह पक्राउ परेका हुन्। औषधि कालोबजारी कार्यमा संलग्न भएको भन्ने विशेष सूचनाका आधारमा खटेको मोरङ प्रहरीले स्टासेफ ४ बट्टा र रेम्डेसिभिर नामक १ बट्टा औषधिसहित रंगेहात पक्राउ परेको प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ ।

आफ्नै मेडिकलबाट पक्राउ परेका आलममाथिको प्रारम्भिक अनुसन्धानमा यादवको पनि संलग्नता भएको खुलेपछि रानीस्थित घरैबाट उनलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको प्रदेश प्रहरी प्रवक्ता एसपी महेन्द्र श्रेष्ठले बताए। पक्राउमध्ये यादव लागुऔषध ब्राउनसुगर घट्नामा फरार अभियुक्तसमेत रहेको खुलेको छ। उनी ०७७ कात्तिक २५ गते बिराटनगर ११ बसपार्कनजिकैको रातो भाले होटमा १० ग्राम ब्राउनसुगर बरामद घट्नामा संलग्न भई फरार अभियुक्त रहेको प्रहरी भनाई छ।

दुईसय आलमलाई कालाबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ अनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ भने यादवलाई लागूऔषध र केही अन्य सामाजिक अपराध ऐन अनुसारको दोहोरो मुद्दामा अनुसन्धान सुरु भएको एसपी श्रेष्ठले बताएका छन्।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको ।
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२
यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।

VIRGIN
GOLD
PREMIUM
BLENDED MALTS
टि.टि सप्लायर्स
गाईघाट

बिक्रीमा, चलिरहेको होटल बिक्रमा

गाइघाटको मुख्य चोकदेखि पुरानो गाईघाट चोकको उतरतर्फ पिसजोन बोर्डिङ जाने बाटोको मुखैको *बलम्पाकी रेष्टुरेन्ट* बिक्रिमा । इच्छुकले सम्पर्क गर्नुहोला ।

सम्पर्क -९८४२९९४३३०

TUBORG
बलम्पाकी
रेष्टुरेन्ट


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

[illegible]

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने
खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने
यदि फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेको मात्र खाने

कटारी नगरपालिका कार्यालय
कटारी, उदयपुर

गाईघाटे सेकुवा कर्नर
गाईघाट सेकुवा कर्नर
गाईघाट सेकुवा कर्नर
गाईघाट सेकुवा कर्नर
गाईघाटे सेकुवा कर्नर

देव इलेक्ट्रीकल सेन्टर, गाईघाट उदयपुर

हाम्रा सेवाहरु:
यहाँ बिजुली बत्ती, सिलिङ/टेबल पंखा, राईसकुकर र प्लंबीङ्गका सम्पूर्ण सामानहरू सुपथ मूल्यमा पाउनुका साथै हाउस वायरिङ पनि गरिन्छ । साथै, इलेक्ट्रीक सम्बन्धी सम्पूर्ण सामानको मर्मत समेत गरिन्छ ।

स्थान : त्रिनपा-११ गाईघाट उदयपुर
(युनिभर्सल स्वीमिङ पुल छेउ) असारी रोड

सोझै सम्पर्कका लागि..
9861967839

प्रोपाइटर
देवचरण चौधरी

बिबादास्पद खेलमा जीत निकाल्दै ललितपुर

❖ **बिबेक राई**

गाईघाट, बैशाख २५

१० खेलाडीमा सीमित बिराटनगर एफसीविरुद्धको विवादस्पद खेलमा जीत निकाल्दै ललितपुर सिटी एफसी खुकुरी सुपर लिगको शीर्ष ४ मा स्थान बनाउन सफल भएको छ। एक खेलाडीले रातो कार्ड पाउनु र क्लबका पदाधिकारीले मैदानबाट सबै खेलाडी फिर्ता बोलाउँदा विवादित बनेको खेलमा पराजय भोगेसँगै बिराटनगर समूह चरणबाटै बाहिरिएको हो।

दुवै टोलीलाई लिगको समूह चरणको आफ्नो अन्तिम खेल शीर्ष ४ मा पुग्नु नै महत्वपूर्ण थियो । बिराटनगरलाई कम्तीमा बराबरीले पनि शीर्ष ४ मा पुर्‍याउन सक्थ्यो भने ललितपुरलाई जित्नै पर्ने दबाब थियो । नभन्दै ४-० को लिगकै पहिलो र एक मात्र फराकिलो जीतका साथ ललितपुर शीर्ष ४ को स्थान सुरक्षित गर्न सफल भयो । शीर्ष ४ मा पुग्ने टोलीले मात्र प्लेअफ अर्थात नकआउट खेलहरु खेल्न पाउनेछन् ।

धनगढीजस्तो बलियो मानिएको टोलीमाथि ३-० को शानदार जीतका साथ सुरुवात गरेको बिराटनगर अन्तिम खेलमा ललितपुरसँग ४-० को लज्जास्पद हार व्येहोर्दै लिगबाट बाहिरियो । ललितपुरको भने ठिक उल्टो रह्यो । काठमाडौंसँग १-० ले हार्दै लिगको सुरुवात गरे पनि अन्तिम खेलमा जीत निकाल्न सफल भयो । बीचका खेलहरु बिगारे पनि आफ्ना अन्तिम २ महत्वपूर्ण खेलमा जीत निकाल्दै शीर्ष ४ सम्म पुग्न सफल भयो । उसो त एकपछि अर्को खराब नतिजा निकाल्ने क्रममा चौथो चरणसम्म आइपुग्दा १ हार ३ बराबरी खेलेर एउटा पनि जीत हात पार्न नसकेपछि ललितपुरले आफ्नो नियमित प्रशिक्षक प्रदिप हुमागाइँलाई बर्खास्त गर्ने निर्णय गरेको थियो ।

क्लबको निर्णय थाहा पाउनासाथ हुमागाइँले राजीनामा दिएका थिए । त्यसपछि सहायक प्रशिक्षक राजु तामाङले प्रशिक्षकको जिम्मेवारी पाए र त्यसलाई न्याय पनि दिए । तामाङले बाँकी रहेको दुवै खेलमा लगातार जीत निकाल्दै क्लबलाई शीर्ष ४ मा पुर्‍याएरै छाडे । दशरथ रंगशालामा शनिबार २:३० बजेको खेलमा ३५ औँ मिनेटमा कप्तान अञ्जन विष्टले गोल गर्दै ललितपुरलाई अग्रता दिलाएका थिए ।६३ औँ मिनेटमा काउण्टर एट्याकमा अञ्जनकै पासमा विमल रानाले गोल गर्दै टोलीलाई २-० को अग्रता दिलाए । उक्त अफसाइड गोललाई मान्यता दिएको भन्दै बिराटनगरका पदाधिकारीहरुले आफ्ना सबै खेलाडीलाई मैदानबाहिर बोलाएपछि खेल केही समय स्थगित र विवादित भएको थियो ।

पछि आयोजकको आग्रहमा बिराटनगर मैदान फर्किएको थियो । ८० औँ मिनेटमा कमल श्रेष्ठको फ्रिकिकमा अञ्जनले नै हेड गोल गरेपछि ललितपुर ३-० को सहज अवस्थामा पुग्न सफल भयो । ८५ औँ मिनेटमा कप्तान रञ्जित धिमालका आफ्नै भाइ विजय धिमालले दोहोरो पहेँलो कार्डसँगै रातो कार्ड पाएपछि बिराटनगर १० खेलाडीमा सीमित भयो । विजयले विमल रानालाई फाउल गरेका थिए । ५ मिनेटअघि उनले विमललाई नै फाउल गर्दा पाएको फ्रिकिकमा ललितपुरले गोल गरेको थियो ।

निर्धारित ९० मिनेटपछि पनि जारी लिगमा अहिलेसम्मकै सबैभन्दा बढी १२ मिनेटको इन्ज्यूरी समय थप गरिएको थियो ।९६ औँ मिनेटमा नुर्लानले गोल गरेपछि ललितपुरको ४-० को जीत सुनिश्चित भएको थियो । २ गोल र १ मा असिस्ट गरेका अञ्जनले हुवावे सुपर प्लेयर हुँदै ट्रफि र २५ हजार हात पारे । ललितपुरकै ड्रोना थापाले निभियाइ मर्जिङ प्लेयर हुँदै गिफ्ट ह्याम्पर र १० हजार हात पारे । शनिबार नै साँझ ५:३० बजे भएको दोस्रो खेलमा जीत हात पार्दै बुटवल लुम्बिनी एफसी पनि शीर्ष ४ मा पुग्न सफल भएको छ ।

बुटवलले १ खेलअगावै शीर्ष ४ मा पुगिसकेको धनगढी एफसीमाथि १(० को जीत निकालेको हो । ८० औँ मिनेटमा आफूले गर्नसक्ने गोल विलियमले सुमन लामालाई दिएको गोलमा बुटवल आफ्नो अन्तिम खेलमा जित्न सफल भएको हो । बराबरी वाहारले पनि बुटवल बाहिरिने थियो भने उसको ठाउँमा पोखराले प्लेअफ मौका पाउने थियो । समान ८ अंक भए पनि हेड टु हेडको आधारमा पोखरा पछि पर्‍यो । बुटवलका सुमन इमर्जिङ प्लेयर र विलियम सुपर प्लेयर चुनिए ।

मदन भण्डारी राजमार्ग

योजना कार्यालय गाईघाट

सार्वजनिक महत्वको सूचना !

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउनु सबैको नैसर्गिक अधिकार हो । तसर्थ यसको सम्वर्द्धन, सम्भार एवं सुरक्षा गर्नु पनि हामी सबैको साझा कर्तव्य हो । सडक सीमा अतिक्रमण गरी घर टहरालगायतका अस्थायी एवं स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै यातायात आवागमनमा बाधा पुग्ने, सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोर मैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनुहुन तथा सडकमा सिर्जना भएका खानेपानी तथा ढलका पाईपलाईनहरु सम्बन्धित निकायबाट यथाशिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु सहयोग गरिदिनु हुन सबै सरोकारवाला व्यक्ति तथा निकायलाई हार्दिक अनुरोध गर्दछौं ।

आयोजना प्रमुख

सस्तोमा गिफ्टका सामान र गुडीया तालिम

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

खुवालुङ गुडीया सप्लायर्स
त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड
प्रोपाईटर :- एनुका राई
सम्पर्क :- ९८१५७७१०५२

स्थानीय उत्पादन उपयोग गरौं,
रौता साबुन नै प्रयोग गरौ !

हामी सबैको
रोजाइ रौता साबुन

रौतामाई साबुन र सर्फ उद्योग
त्रियुगा न.पा. ११, फुलबोक,
गाईघाट
सम्पर्क नं. ९८६२९८७३८६/९८१७७९८४९८
E-mail:- rautamaisoap@gmail.com

माझखर्क साप्ताहिकको सह प्रकाशन मुलुकी
प्रकाशक/संस्थापक संपादक: महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट